
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ७८ पृष्ठ : ४ २०७७ असोज १५ गते विहिबार (Thursday 1 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

## आत्मनिर्भर बन्दै घरेलु हिंसाबाट पीडित महिला

घरेलु हिंसाबाट पीडित बनेकी सिरहाको नरहा गाउँपालिका–३ खोरियाटोलकी निर्माला मण्डल घरेलु उद्योग सञ्चालन गरेर आत्मनिर्भर बनेकी छन् । उनले माईतीमै साना घरेलु दालमोठ भुजिया उद्योग संचालन गरेपछि आत्मनिर्भर बनेकी हुन् ।


दालमोट बनाउँदै निर्माला मण्डल



थोरै पूँजीबाट व्यवसाय थालेकी उनको घरेलु उद्योगमा अहिले तीन जना कामदार कार्यरत छन् । उद्योगमा दैनिक रूपमा उत्पादित दालमोठ, नमकिन, भुजिया तयारी गरी हाटबजारमा लगेर बेच्ने गर्छिन् । त्यही व्यवसायको आम्दानीले उनले दुई छोराछोरीको पढाई लेखाई र लालन पालन गर्दै आएकी छन् भने सँगै रोजगारी पनि ।

घरेलु उद्योग सुरू गर्दा उनलाई मामाको छोरा ध्यानी मण्डलले सघाए । विस्तारै उनले आफै बनाउन सिकिन । आफूले उत्पादन गरेको दालमोठ भुजिया सिरहा, विष्णुपुर, चोहर्वा, गोलबजार, घुर्मी बजार लगेर बेच्ने गरेको उनले सुनाईन् । 'दैनिक रूपमा विहानदेखि १२ बजे सम्म उत्पादनमा समय लाग्छ, त्यसपछि बजारमा गएर बेच्ने गर्छु,' उनले भनिन्, 'सानो उद्योगमै राम्रो आम्दानी भइरहेको छ ।'

१५ वर्षकै उमेरमा बुबाआमाले निर्मालालाई अर्नमा गाउँपालिका–४ गौरीपुर गाउँका गणेश मण्डलसँग सामाजिक परम्परा अनुसार विवाह गरीदिए । तर त्यो विवाह धेरै दिनसम्म टिक्न सकेन । कलिलैं उमेरमा पराया घर पुग्न बाध्य निर्मलाले घर व्यवहार चलाउँन जानिनन् । पराया घरमा बुहार्तन सहनुपऱ्यो निर्मलाले । बालविवाह भएकोले घर व्यवहार चलाउन न जान्दा सासु/ससुरा, देवरहरू मिलेर उनलाई पटक–पटक गालीगलौज र कुटपीट गर्दै शारिरीक र मानसिक यातना दिनथाल्यो । आफूमाथि भएको

———— बाँकी ३ पेजमा

## तिन बिचौलिया पक्राउ

सिरहा । सरकारी कार्यालय बाहिर सेवाग्राहीहरूलाई दुःख दिदै आएका तिन बिचौलियालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार जिल्ला प्रशासन कार्यालय अगाडि सेवाग्राहीलाई दु ःख दिएको अवस्थामा विष्णुपुर गाउँपालिका–४ का २५ वर्षीय जितेन्द्र पासवान सोहि ठाउँका वर्ष १९ वर्षीय राजु पासवान र सिरहा नगरपालिका–२ का ३८ वर्षीय जितेन्द्र पासवानलाई पक्राउ गरेको हो ।

लामो समयदेखी लकडाउनको कारण बन्द रहेका सार्वजनिक सेवा प्रवाह सुचारू भएसँगै सरकारी कार्यालय बाहिर बिचौलियाले सर्वसाधारण सेवाग्राहीलाई दुःख दिने गरेको

———— बाँकी ३ पेजमा

ADMISSION OPEN
Nursery To VIII
LOTUS UNIQUE ACADEMY
Lahan-1, Matiyarwa (Siraha)
Contact : 9842840294, 980853045


NET TV
DRIVEN BY INNOVATION
छिटो भनेकै WORLDLINK
Lahan Office : Call : 033-561429, 033-561430
Mirchaiya : 033550505, Golbazar : 9801186055, Kalyanpur : 031-540229
MORE THAN JUST HIGH SPEED INTERNET
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
FREE
SAFENET
Make the Internet a safer Place for your kids. Help them get the best out of the internet
WORLDLINK For Registration & More Information Dial : 9801523050 | SMS :>Call>to 35465
Email: sales@worldlink.com.np|www.worldlink.com.np|facebook/wlink.np

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।
हाम्रा संकायहरु :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५



फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## विद्यालय जस्तो शान्ति क्षेत्रमा तोडफोड हुनु निन्दनीय

विद्यालय शान्ति क्षेत्र हुन् । शान्ति भनेको सुख–दु:ख, हर्ष–विस्मात, रिस–द्वेष आदि मनोभावले नबिथोलिएको मानसिक स्थिति, शान्त वा स्थिर अवस्था, विद्रोह, होहल्ला, खलबली, रडाको आदि नभएको अवस्था हो । त्यसैगरी भोक–तिर्खा, श्रम ताप, घाम–पानी आदिको समन, दु :ख पीर नहुने बाधारहित अवस्था आदिलाई शान्ति भनिन्छ ।

अर्कोतिर युद्ध वा कुनै प्रकारको विवाद रहित कुनै क्षेत्र विद्यालय शैक्षिक संस्थाहरु देश तथा देशहरुको समूह वा निश्चित भूभागलाई युद्ध विवाद वा झैझगडाबाट अलग राखी शान्तिपूर्ण वातावरणमा विकास पथतिर लम्कने उद्देश्यले शान्ति क्षेत्र घोषित गरिन्छ । नेपाल सरकारले पनि विद्यालयहरुलाई शान्ति क्षेत्र घोषणा गरेको छ । विद्यालयजस्तो शान्ति क्षेत्रमा गएर विद्यालयको भौतिक सम्पत्ति तोडफोड गर्नु, गुरु र विद्यार्थीलाई आतंकित पार्नु कुनै पनि मानेमा निन्दनीय हो ।

विद्यालय शिक्षा र ज्ञान प्राप्त गर्ने फूलबारी हो । शिक्षक र अभिभावक माली हुन् । विद्यार्थी फूल हुन् । विद्यार्थी परिवार, समाज र राष्ट्र विकासका निम्ति भविष्यका कर्णधार हुन । देशको सुन्दरताका प्रतिक विद्यार्थी हुन् । आफ्ना छोराछोरी भाइबहिनीले ज्ञान हासिल गर्ने शैक्षिक संस्थामा आफ्नो निहित स्वार्थ पूर्तिका लागि विद्यालयको भौतिक संरचना तोडफोड गरेर क्षति गर्नु निन्दनीय र अपराधिक कार्य हो । बरु सकिन्छ भने सबैको कल्याण गरौं, सकिँदैन भने कसैको पनि हानी नोक्सानी गर्नु बुद्धिमान व्यक्तिका लागि स्वभनीय हुँदैन । विद्यालय राजनीति गर्ने थलो पनि होइन । कलिला विद्यार्थीलाई दु :ख दिएर शिक्षा आर्जनमा दखल पुऱ्याउनु विद्यार्थीको मौलिक हक र मानव अधिकारको हनन गर्नु हो ।

सोमबार राति सिरहाको मिर्चैया नगरपालिका–३ राघोपुरको बक्थलवास्थित आधारभूत विद्यालयको निर्माणाधिन दुई कोठे भवनको फलामे ट्रस लगायत इटा जोडिएको पर्खाल तोडफोड गरिएको छ । तोडफोड घटनापछि पठनपाठन रोकिएको विद्यालयका प्रधानाध्यापक देवशंकर यादवले जानकारी दिएका छन् । घटनामा विद्यालय व्यवस्थापन समिति विवाद लगायतलाई लिएर अभिभावकहरु पक्ष विपक्षमा उभिनु, त्यससँग भौतिक संरचना तोडफोडको घटना जोडिनु शोभनीय होइन । जेजस्तो भएपनि, घटनामा जो संलग्न भएपनि यो अपराधिक कार्य हो । तसर्थ घटनाबारे निष्पक्ष छानबिन गरी कानुनी दायरामा ल्याउनुपर्छ । र, सबैले विद्यालयलाई शान्ति क्षेत्र कायम राख्न प्रतिबद्धता जनाउन जरुरी छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष | आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ । स्वास्थ्यमा प्रति सचेत रहनु होला । |
| वृष | मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रूचि बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ । श्रमको उचित मुल्यांकन हुनेछ । |
| मिथुन | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । |
| कर्कट | आज पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । |
| सिंह | मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । प्रेममा पनि मनमुटाव आउनेछ । |
| कन्या | आज रोकिएका काम पुनः सुरू हुन सक्छन् । जोश,जाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । |
| तुला | नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । |
| वृश्चिक | आज प्रेमीको सहयोग पाईनेछ । नयाँ कार्यको योजना बन्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । साथै सफल यात्राका योगपनि देखिन्छन् । |
| धनु | छोटो दुरीको लाभदायक यात्रा हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाईनेछ । शुभ समाचार सुन्न पाइएला । |
| मकर | आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । धर्म,कर्ममा मन लाग्नेछ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यहरूमा प्रगति नै हुनेछ । |
| कुम्भ | आज शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति हुनेछ । |
| मीन | लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी खालको समय छ । धार्मिक कार्यमा विशेष रूचि रहनुका साथै सामाजिक पदप्रतिष्ठापनि प्राप्त हुन सक्छ । |

# प्रजातान्त्रिक समाजवाद : आजको सन्दर्भमा

## बिपी कोइराला राजनीतिक अभिलेख



अघिल्लो अंकको क्रमश :

तपाईंलाई कहिलेकाहीँ राजनीतिदेखि वाक्क लागेर आयो कि ? आफ्नो अधिकांश जिन्दगी अनवरत रूपमा सङ्घर्ष, मुद्दा, जेल, अभियोग, देश निकाला इत्यादिको चक्रमा बारम्बार घुमिरह्यो भन्ने विचार कहिल्यै मनमा आयो कि ? अथवा राजनीति छोडेको भए पनि हुने थियो भन्ने खालको पश्चात्ताप मनमा आयो कि ?

तपाईंलाई थाहै छ, तपाईंले भनेको जस्तो दुःख र सङ्कट झेल्न नसकेको भए म आज जे छु, त्यो हुने नै थिइँन ।

तर तपाईंको जीवन त तिनै सङ्कट, जेल यातना, मुद्दा, अभियोग इत्यादिकै पर्याय होइन र ?

मैले बुझेको जीवन नै त्यही किसिमको हो । मैले अरू किसिमको जीवनलाई बुझेको छैन । मानिसले अरू जुन किसिमको जीवनयापन गर्छन् त्यसमा मलाई कुनै आकर्षण हुँदैन । त्यस्तो खालको जीवनयापन गर्नुपरेको भए म दिक्क हुने थिएँ र सायद त्यसै दिक्दारीबाट मर्ने पनि थिएँ । मलाई अर्को नयाँ जीवन दिइयो भने पनि मेरो यो जिन्दगीजस्तो भयो, त्यसभन्दा फरक खालको हुनेछैन । तपाईंको प्रश्नका दुईवटा पक्ष छन् जस्तो मलाई लाग्यो । एक पक्ष त के हो भने म एक राजनीतिज्ञका हैसियतले सफल हुन चाहन्थेँ, होइन ? मैले जुन किसिमको समाज निर्माण गर्न चाहेको थिएँ, जुन प्रकारको आर्थिक व्यवस्था सिर्जना गर्न खोजेको थिएँ र त्यो सफल भएको भए त्यसबाट मलाईभन्दा अरूलाई बढी फाइदा हुने थियो, त्यसमा सफलता नभएकोमा मलाई चिन्ता हुन्छ । तर जहाँसम्म मेरो व्यक्तिगत कुरा छ, मलाई सफलता वा असफताको कुनै महत्त्व छैन । आफूले चाहेको काममा आफ्नो सम्पूर्ण क्षमताको प्रयोग गरियो र आफूले सक्नेजति सम्पूर्ण कुराको बाजी लगाइयो । यो कुरा आफ्नो अन्तरात्माले इमानदारीसाथ मान्न सक्छ । तर पनि मानिसको सफलता भनेर जे कुरालाई भन्छन् त्यस अर्थमा म सफल भइनँ । तर जब म मानिसहरूले सस्तो सफलता प्राप्त गरेको देख्छु, त्यसबाट पनि उनीहरूले आध्यात्मिक सन्तोष प्राप्त गरे होलान् जस्तो मलाई लाग्दैन । असफल नै भए पनि सत्कार्यका लागि प्रयत्न गरिरहँदा एक प्रकारको आध्यात्मिक आनन्द प्राप्त हुन्छ । मलाई त्यही नै भयो भन्ने लाग्छ ।

तपाईंलाई २०१८ सालमा जेलबाट छुटाउनका लागि नेहरूले कस्तो योजना बनाउनुभएको थियो, मलाई त्यसको अलिक विस्तृत ज्ञान गराइदिनुहुन्छ कि ?

रूरूभोलाजी, यो अति संवेदनशील प्रश्न हो, जसमा मेरो पक्षबाहेक भारत सरकारको समेत संलग्नता छ । म त्यो अहिले नै छापियोस् भन्ने चाहन्नँ ।

ठीक, छ तपाईंले स्वीकृति नदिईकन म त्यो छाप्दिनँ भन्ने प्रतिज्ञा गर्छु । त्यसो भए त हुन्छ कि ?

म पनि उनीहरूका साथ भएको खण्डमा हाम्रो सङ्घर्ष ज्यादा प्रभावकारी हुनेछ भन्ने २०१८ सालमा भारतमा बसेर सरकारको विरोध गरिरहेका हाम्रा साथीहरूको सोचाइ थियो । त्यसकारण उनीहरूले मलाई जेलबाट छुटाउन चाहे । तर मलाई जेलमा कसैसित देखभेट गर्न वा बोलचाल गर्न दिइएको थिएन । तसर्थ मलाई त्यसबारे केही ज्ञान थिएन । त्यसपछि मैले राजनीतिक बन्दीहरूलाई दिइने सामान्य सुविधा दिइनुपर्छ भनेर अनशन गरेँ । त्यसमध्येको एउटा माग आफ्ना नातेदार र साथीभाइलाई भेट्न पाउनुपर्छ भन्ने पनि थियो । अन्ततोगत्वा त्यो सुविधा दिइयो । मेरी एउटी नातेदार मलाई भेट्न आइन् । तिनले मलाई तीन–चारपल्ट भेटिन् । पहिलोपालि उनी मेरा निम्ति जवाहरलाल नेहरूसित छलफल गर्न गएकी रहिछन् । लुमुम्बा मारिएपछि म पनि त्यसै गरी मारिन्छु कि भनेर उनी डराएकी रहिछन् । जवाहरलालजीले भनुभएछ, नेपाली शासकहरू कङ्गोका शासकजस्ता जङ्गली छैनन् । त्यसपछि उनी मलाई भेट्न आइन् र उनले मेरो साथीहरूलाई कलकत्तामा भेटेको र जवाहरलालजीलाई समेत भेटेको कुरा गरिन् । उनले भनिन्, उनीहरू मलाई जेलबाट उम्काउन चाहन्छन् । एक थरी हाम्रा मानिसहरू सैनिक पोसाक लगाएर आउनेछन् र तिनीहरूले मैले लगाउने सैनिक पोसाक पनि ल्याउनेछन्, मैले त्यसको विरोध गर्न हुँदैन, बरु उनीहरूले भनेबमोजिम गर्नुपर्छ भनी उनी मलाई सिकाउन आएकी रहिछन् । मैले सोधेँ, 'जेलबाट उम्के पनि भागेर भारत नगई हुँदैन, यसमा भारतबाट ग्यारेन्टी नलिईकन म कसरी सुरक्षित रहने ?' उनले यस बारेमा जवाहरलालजीलाई भेटेकी रहिछन् । वास्तवमा जवाहरलालजीले नै उनलाई पठाउनुभएको रहेछ । त्यसपछि उनी गइन् । एक महिना जतिपछि उनी फेरि मलाई भेट्न आइन् र भनिन्, 'योजनामा जोखिम छ ।' यसरी उम्काउने कामको सिलसिलामा कतै गोली हानाहान भयो भने मलाई गोली लाग्न सक्थ्यो । मेरो जीवन जाने सम्भावना रहेको त्यस्तो जोखिम उठाउनु ठीक हुँदैन भन्ने जवाहरलालजीलाई पनि मनमा लागेछ । त्यसकारण यो विचार छोडियो । यो कुरो २०१८ सालको मङ्सिर–पुसतिरको हो ।

तपाईंलाई मैले २००६ सालतिरदेखि चिनेको हुँ । त्यसैबेलादेखि मैले तपाईं र तपाईंकी श्रीमतीबीचको सम्बन्ध बाहिरिया किसिमले हेर्दा बडो प्रेम र समझदारीपूर्ण पनि देखिन्छ । तर मलाई निर्धक्क भएर बताइदिनु होस्, के तपाईंले आफ्नी श्रीमतीलाई आजीवन प्रेम गरिरहनु भयो ? उहाँप्रति सदैव बफादार रहनुभयो ?

तपाई मलाई यसरी सोध्नुहुन्छ भने म भन्छु, 'उनी मेरा लागि मैले उनलाई विवाह गरेको दिन जति नयाँ थिइन्, आज पनि त्यतिकै नयाँ छिन् ।' किनभने विवाह गरेपछि जीवनको धेरै जसो समय म उनबाट टाढै रहेँ, म अनेकौँपल्ट जेलमा परेँ, अनेक यात्रा र भ्रमणमा निस्केँ वा देशनिकाला भएर रहेँ । उनीसँग पर्याप्त मात्रामा सँगै बस्ने अवसर मलाई प्राप्त भएन । त्यसकारण मलाई उनीप्रति उही पुरानै आकर्षण छ । उनी मेरो ठूलो सम्पत्तिका रूपमा रहिन् । उनमा एउटा अध्यात्मिक गुण छ, त्यसले मलाई भरोसा दिन्छ । वास्तवमा मैलेभन्दा बढी उनले दुःख पाएकी छिन् । तपाई यो कुराको मर्म बाहिरिया किसिमले हेरेर मात्र बुझ्नुहुन्न होला । जब म २०१७ साल पुस १ गते पक्डिइएँ, तब मलाई कहाँ थुनेर राखेको छ भन्ने कसैलाई थाहा थिएन । म जीवितै छु कि मारिइसकेँ भनेसम्म पनि कसैलाई थाहा थिएन । एक–डेढ वर्षपछि उनी जब मलाई भेट्न जेलमा आइन्, तब मैले उनको कपाल फुल्दै गइरहेको देखेँ । र, तीन वर्षभित्रमा त उनी पूरै फुलिन् र अनुहार चाउरी पऱ्यो । उनी अकस्मात् बूढी भइन् । त्यो, म थुनिएँ भनेर मात्र होइन, सारा घरका साना–साना बालबच्चा लालनपालनसमेत उनी एक्लैले गर्नुपरेकोले भएको थियो । उनी एक साहसी नारी हुन् । जहाँसम्म बफादारीको प्रश्न छ, त्यस्तो बफादारी भनेको के हो, मलाई थाहा छैन । तपाईंको प्रश्न पनि प्रचलित प्रश्न नै हो, वा मेरो अरू कुनै नारीसँग पनि प्रेम सम्बन्ध थियो कि ? भन्ने हो भने, आफ्नी पत्नीबाहेक अरू कसैसित कुनै प्रेम सम्बन्ध नभएका मानिसहरू ज्यादै कम हुँदा रहेछन् भन्ने मेरो अनुभव छ । त्यस दृष्टिले म एक साधारण व्यक्ति हुँ र मेरो अरूहरूसँग पनि प्रेम सम्बन्ध थियो । तर मेरो जीवन–सम्बन्धका स्थायी र दृढ बन्धनहरू भने आफ्नै पत्नीमा रहे ।

इतिहासमा तपाईंको स्मरण कुन रूपमा होस् भने चाहनुहुन्छ ? साँच्चै भनौँ भने तपाई आ^पनो मृत्युपछि कुन वाक्यले प्रशंसित हुन चाहनुहुन्छ ?

यसबारे मैले कहिल्यै सोचेको छैन । वास्तवमा मैले भावी पुस्ताहरूले मलाई सम्झिराख्ने त्यति ठूलो काम केही गरेको छैन । मैले तपाईंसँग अघि–अघि भएका अन्तर्वार्तामा पनि भनिसकेको छु, मेरो प्रयासको जुन आध्यात्मिक पक्ष छ, त्यसले इतिहासमा कुनै स्थान पाउनुपर्दछ भन्ने आकाङ्क्षा राख्दैन । मैले जीवन आनन्दसाथ भोगेँ र मैले आफ्ना कर्तव्यहरू पूरा गरेँ भन्ने मलाई लाग्छ । त्यति नै पर्याप्त छ । कुनै कामको स्मारकको रूपमा मलाई जनताले सम्झिराखून् भनौँ भने मेरो त्यो आकाङ्क्षा कति पनि छैन । मलाई नेपालमा प्रजातान्त्रिक व्यवस्था ल्याउने व्यक्तिका रूपमा सम्झिनुपर्छ, मैले यसो भनेँ भने पनि त्यो एउटा बडो अस्पष्ट स्मारक हुनेछ । त्यसकारण देश र जनताले मलाई कुन रूपमा सम्झिराख्नुपर्छ भन्ने बारेमा मलाई कुनै चिन्ता छैन । मलाई त्यसमा चाख पनि छैन ।

तर तपाईं आफ्नो अन्तरात्माप्रति इमानदार रहनुभयो, यो त भन्न सक्नुहुन्छ कि ? अर्थात्, आफूले चाहेको कामका लागि आफ्नो सर्म्पूण क्षमता उपयोग गर्नुभयो भन्न सकिन्छ कि ?

मैले आफ्नो सर्म्पूण क्षमता उपयोग गरेँ । तर त्यसका लागि म सङ्गठित थिइनँ, म बढी सङ्गठित हुन सकेको भए मेरो योगदान ज्यादा स्थायी र बलियो हुन्थ्यो होला ।

त्यसो भए तपाईं आफ्नो आत्माप्रति सच्चा रहनुभयो, होइन त ?

म आफ्नो आत्माप्रति बडो सच्चा रहेँ । त्यसबारे कुनै सन्देह छैन । वास्तवमा, म आफूप्रति बडो इमानदार रहेँ / *१९८२ (२०३८) श्रोत : द टेलिग्राफ*


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

# विभिन्न पार्टी परित्याग गरी २ सय जना कांग्रेस प्रवेश






**लहान ।** विभिन्न पार्टी परित्याग गरी बुधबार दुई सय जना कांग्रेस प्रवेश गरेका छन् । लहान नगरपालिका–१७ का दुई सय जना विभिन्न पार्टी परित्याग गरी कांग्रेस प्रवेश गरेका हुन ।

कांग्रेस पार्टी प्रवेश गरेका नवप्रवेशीलाई नेपाली कांग्रेसका कृषि तथा पशुपंक्षी विकास मन्त्रालय समन्वय समितिका संयोजक एवं प्रतिनिधि सभा सदस्य पदम नारायण चौधरीले सदस्यता प्रदान गरेका थिए ।

नेता चौधरीले नव प्रवेशीलाई अबिरको टिका लगाई पार्टीप्रति समर्पित भएर अघि बढ्न अपील गरे । नेवि संघका जिल्ला अध्यक्ष शितल प्रसाद चौधरीको अध्यक्षतामा भएको कांग्रेस तथा नेवि संघ प्रवेश कार्यक्रममा कांग्रेस क्षेत्र नम्बर १ का सभापति अच्छमित लाल चौधरी, महेश चौधरी, नेपाल ट्रेड युनियन कांग्रेस सिरहाका जिल्ला अध्यक्ष संजीव उपाध्याय लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# चाडपर्वमा सुपथ मूल्यको पसल खोलिने

**काठमाडौं ।** सरकारले चाडपर्वलाई लक्षित गरी सुपथ मूलय पसल सञ्चालन गर्ने भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार असोज १५ गतेदेखि सञ्चालन हुने पसलबाट प्रति परिवार ४ किलोको दरले चिनी बेच्न लागिएको हो । सुपथ मूल्य पसलमा चिनी प्रतिकिलो ७० रूपैयाँमा पाइने भएको छ ।

यस्तै नुन १८ रूपैयाँ प्रतिकिलोमा पाइनेछ । नुन पनि प्रति परिवार ४ किलै पाइने बताइएको छ । सुपथ मूल्य पसलमा घ्यु प्रतिलिटर ८ सय ७० रूपैयाँमा पाइनेछ ।

मन्त्रालयले चामलमा किलोको ५ रूपैयाँ, खसीबोका तथा च्यांग्रामा १०, दालमा ५, सिमिलगायत गेडागुडीमा १०, फापर तथा केराउमा ५ रूपैयाँ प्रतिकिलो छुट दिने निर्णय पनि गरेको छ ।

सुपथ मूल्य पसल खाद्य व्यवस्था तथा आपूर्ति कम्पनीको नेतृत्वमा साल्ट ट्रेडिङ कर्पोरेसन तथा दुग्ध विकास संस्थानको सहयोगमा सञ्चालन हुनेछ ।

पसल कालीमाटी, टेकु, कोटेश्वर, सिंहदरबार, सतुंगल, ललितपुर, थापाथली, नख्खु, प्रयागपोखरी, जाउलाखेल तथा भक्तपुरमा खुल्नेछन् । साथै घुम्ती सेवा पसल, र अनलाइन मार्फत् उपत्यकाका ४९ स्थान र दुग्ध विकास संस्थानका केही आउटलेटमार्फत् अत्यावश्यक सामाग्री सुपथ मूल्यमा पाइने मन्त्रालयले जनाएको छ । सुपथ मूल्य पसल छठको भोलिपल्टसम्म खुल्नेछन् । रासस

# प्रदेश २ मा कोराना संक्रमित २ जनाको मृत्यु

**लहान ।** प्रदेश २ को सर्लाही र सप्तरीमा कोरोना संक्रमित दुई जनाको बुधबार मृत्यु भएको छ ।

सर्लाहीको बरहथवा नगरपालिका –६ का ६६ वर्षीय र सप्तरीको कृष्णासावरण नगरपालिका –४ का ३९ वर्षीय समेत दुई जनाको बुधबार कोरोनाको कारण मृत्यु भएको सामाजिक विकास मन्त्रालयले पुष्टि गरेको छ ।

पछिल्लो २४ घण्टामा प्रदेशका विभिन्न जिल्लामा ४९ जनालाई कोरोना संक्रमण भएको मन्त्रालयले जनाएको छ । धनुषामा छ जना, महोत्तरीमा तीन जना, सिरहामा १३ जना, बारामा नौ जना, पर्सामा १२ जना, रौतहटमा एक जना, सप्तरीमा एक जना र जिल्ला खुल्न नसकेका अन्य चार जनामा कोरोना संक्रमण भएको हो ।

बुधबार विभिन्न जिल्लाका ५ सय ९७ जना संक्रमित विभिन्न अस्पताल, आइसोलेशन तथा होमआइसोलेशनबाट डिस्चार्ज भएका छन् । प्रदेशमा कुल संक्रमितको संख्या १३ हजार ५ सय २७ जना पुगेकोमा एक सय ३३ जनाको मृत्यु भएको छ ।

१० हजार ५ सय ४२ जना कोरोनामुक्त भएको मन्त्रालयले जनाएको छ ।

## आत्मनिर्भर..

हिंसा सहन नसकेर छोराछोरी लिएर उनी माइती घर फर्किन् ।

माइतमा बसेको तीन महिना नपुग्दै उनको पतिले घरमा अर्को पत्नी भित्र्याए । अर्को पत्नी भित्र्याएको थाहापाएपछि निर्मला पतिको घर पुगिन । 'घर पुग्ने बित्तिकै फर्केर किन आइस भन्दै पति गणेशले आफुलाई उल्टै कुटपिट गऱ्यो,'उनले भनिन । छोरीमाथि कुटपिट भएको खबर पाएपछि निर्मलाको बुबाआमाले उनलाई न्यायका लागि महिला पुर्नस्थापना केन्द्र(ओरेक) नेपालमा पुऱ्याए । ओरेककै कानुनी तथा परामर्श अनुसार बहुविवाहको मुद्दा दर्ता गराइन् । अदालतमा उनको पक्षमा मुद्दा फैसला भयो । ढिलै भएपनि उनलाई अदालतले न्याय त दिलायो । तर एक्लो जीवन काट्न बाध्य भइन निर्मला ।

'श्रीमानबाट अलग हुँदा आयआर्जनका लागि काम गर्छु भन्ने सोचे,' निर्मलाले भनिन्, 'आर्थिक अवस्था कमजोर भएका कारण पूँजी थिएन्, कसरी आयआर्जन गर्ने भन्ने सकस भयो ।' पछि गाउँमै ३० हजार रूपैयाँ ३ रूपैया सयकडा व्याजमा ऋण लिएको उनले सुनाईन । ३० हजार रूपैयाँबाट व्यवसाय गर्न हिम्मत कसेकी निर्मला व्यवसायमा सफल हुँदै गइन । पछि उनको सफलता र हिम्मत देखेर ओरेक नेपालले हिंसा प्रभावित जीविको पार्जनका लागि व्यापार गर्न बिउ पूँजीको रूपमा २५ हजार र ओरेककै सिफारिसमा लैङ्गिक हिंसा निवारण कोषबाट २० हजार रकम पाउन सफल भइन् ।

पूँजी बढेपछि उनले व्यवसाय पनि बढाइन् । 'हिम्मत गर्नु पर्दो रहेछ,' कहिल्यै हिम्मत नहारेकी निर्मलाले भनिन् 'त्यही हिम्मतले मैले मिहिनेत गरे, दालमोठ र भुजिया बजारमा बेच्न थाले ।' सुरूमा उत्पादन ढकीमा बोकेर बेच्न थालेकी उनी त्यही व्यापारबाट राम्रो आम्दानी हुन थालेपछि एक वर्षभित्रै ओरेक नेपालको रकम फिर्ता गरिन । 'सानो घरेलु उद्योगको कमाईले अहिले ५/६ लाख पूँजी बढाएको छु,' उनले भनिन्, 'दालमोठ, भुजियाकै आम्दानीले ओसार पोसार गर्न सिटी रिक्सा र उत्पादन बढाउने औजारहरू किनेको छु ।'

## तिन ..

गुनासो आएपछि सादा पोशाकको प्रहरी टोलीले अनुगमनको क्रममा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । पक्राउ परेका तिनै जनालाई अभद्र व्यवहार शिर्षकमा मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY



## बिमा लेख हरायो

मिति २०७७ भदौ २० गते घरबाट लहान जाने क्रममा निम्न व्यहोरा भएको **लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.** बाट जारी भएको बिमा लेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा खबर गरिदिन हुन अनुरोध छ ।

**नाम** :- **मिदेश राणा मगर**

**ठेगाना** :- कञ्चनरूप न.पा.– ११, सप्तरी

**पोलिसी नं.**:- २२००२८३२३

**सम्पर्क मो नं.**:- ९८५२८२६५६३



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**सिरहा नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**औरही गाउँपालिका कार्यालय, सिरहा**

# स्थानीय तहमा आर्थिक अनुशासन र पारदर्शिताको सवाल

## पालिका बहस

**प्रेमलकुमार खनाल**



स्थानीय सरकारहरु संघीय शासन प्रणालीका आधार स्तम्भ हुन् । त्यसैले स्थानीय सरकार सञ्चालनमा निष्पक्षता, मितव्ययीता, पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न सकियो भने मात्रै संघीय लोकतान्त्रिक व्यवस्थाको जग मजबुत हुन्छ । अहिले मुलुकको काँधमा आर्थिक न्याय, समानता र समृद्धिसहित समाजवादको आधार निर्माण गर्ने अभिभारा छ ।

यस सन्दर्भमा स्थानीय सरकारहरु समाजवादको आधार निर्माण गर्ने संबाहक हुन् । मुलुकमा संघीय शासन व्यवस्थाको कार्यान्वयनसँगै सिंहदरबारको अधिकार गाउँघरमा पुगेको छ । अब जनतालाई निष्पक्ष सेवा प्रदान गरेर 'यो हाम्रो सरकार हो' भन्ने अनुभूति नागरिकमा दिलाउनु स्थानीय सरकार को पहिलो दायित्व हो । यो दायित्व पूरा गर्न स्थानीय सरकार सञ्चालन प्रकृया, आर्थिक अनुशासनसहित मितव्ययी र पारदर्शी हुनु पर्दछ । जसले स्थानीय सरकार लोकप्रिय त हुन्छन् नै, यसले सिंगो संघीय व्यवस्थालाई नै टेवा पुर्‍याउँछ ।

पहिलो चरणको स्थानीय निर्वाचनलाई आधार मान्ने हो भने स्थानीय तहमा जननिर्वाचित प्रतिनिधी बहाल भएको ३ वर्ष नाघिसकेको छ । इतिहासमै पहिलो पटक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार प्रयोग गर्ने गरी सञ्चालन भएका स्थानीय सरकारहरूको वित्तीय परिचालनको आवस्था उत्साहजनक देखिँदैन ।

महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनलाई विश्लेषण गर्दा स्थानीय तह आर्थिक अनुशासनबाट बिमुख हुँदै गएको हो कि भन्ने देखिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले पछिल्लो समय सार्वजनिक गरेको प्रतिवेदनमा भ्रष्टाचार निवारणमा नेपालले न्यून प्रगति गरेको भए पनि स्थानीय तहमा आर्थिक अनुशासन कायम भएको पाइँदैन । किनकी ट्रान्सपरेन्सीको प्रतिवेदन स्थानीय सरकारको मात्रै नभएर संघ र प्रदेश सरकारलाई पनि समेटेर तयार पारिएको हो । स्थानीय तहमा जनप्रतिनिधी बहाल भए पछि पनि वित्तीय अनुशासन कायम नहुँदा संघीय व्यवस्थाप्रति नै बितृष्णा पैदा हुने खतरा रहन्छ ।

सिंहदरबारको अधिकार स्थानीय तहमा पु¥याएकै संघीयताले हो । स्थानीय तहको कृयाकलापले संघीयताप्रति बितृष्ण जगाउने काम गर्छ भने त्यो आत्मघाती सिद्ध हुनेछ । महालेखाको प्रतिवेदनले अनियमितता बढ्दै जानुमा आयोजना कार्यान्वयन गर्दा आर्थिक अनुशासन पालना नगर्नुलाई प्रमुख कारणका रूपमा औंल्याइएको छ । यस्तै कतिपय स्थानीय तहले बार्षिक बजेट नै पेस नगरि खर्च गरिरहेका छन् । विभिन्न स्थानीय तहले आफूलाई आवश्यक पर्ने टेबल, फर्निचरलगायतका सामाग्री बिना टेन्डर सोझै खरिद गरेको पाइएको छ ।

कार्यालय सञ्चालन गर्दा बिल भर्पाइविना रकम खर्च गरेको पाइएको छ । उपभोक्ता समितिमार्फत गरिने खर्चमा पनि समस्याहरु प्रशस्त औंल्याइएको छ । यस्तै १ सय १० स्थानीय तहले आर्थिक कारोबारको विवरण पेस गरी अन्तिम लेखापरीक्षणसमेत गर्न सकेका छैनन् । आर्थिक वर्ष सकिएको ६ महिनाभित्र लेखापरीक्षण गराईसक्नु पर्नेमा यसरी ढिलाई गर्द आर्थिक अनियमितता हुन सक्ने देखिन्छ । यस्तै विगतमा निर्वाचित जनप्रतिनिधी नभएको बेला स्थानीय निकाय सञ्चालन गर्न निकासा भएको चालूगत, पूँजीगत र सामाजिक सुरक्षा वापतको रकमसमेत स्रेस्ता नराखि हिनामिना गरेको खुलेको छ ।

स्थानीय तहमा निकासा हुने विकास बजेटबाट कतिपयले विनियमावली विपरित विभिन्न संघ संस्थालाई आर्थिक साहयता प्रदान गरेको घटनाले पनि आर्थिक अनुशासनलाई ठाडो चुनौति दिई रहेको देखिन्छ । कतिपय स्थानीय तहले आफूले निर्धारण गरे बमोजिमको कर, दस्तुर, सेवा शुल्क र बिक्रीवापत नीजि क्षेत्रबाट प्राप्त गर्नु पर्ने रकम असुलउपर नगरि उदासिनता देखाइरहेका छन् । कतिपय ठाउँमा रकम भुक्तानी गर्दा अग्रिम करसमेत कट्टी नगर्ने गरेको पनि पाइएको छ । यस्तै राजश्व कार्यालयमा दर्ता भई नियमित कर बुझाउने कम्पनी र व्यवसायिक फर्मबाट मात्र समान खरिद गर्नु पर्ने व्यवस्थाविपरित धेरै स्थानीय तहले स्थायी लेखा नम्बर र कर बिजक जारी नगरेका संस्थाहरूबाट सामान खरिद गरेको पनि पाइएको छ ।

यसरी स्थानीय जनप्रतिनिधी, कर्मचारी र व्यवसायीहरूको मिलिभगतमा आर्थिक अनुशासन तोड्दै जाने हो भने संघीय व्यवस्थाप्रति नै आमनागरिकको बितृष्णा जाग्नेमा दुईमत छैन । स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधिहरु जो आर्थिक रूपले सम्पन्न थिए । विगतमा आ–आˆ नै सवारी साधन, मोबाईल प्रयोग गर्दथे । जनप्रतिनिधि भएपछि आˆना साधन, भाडामा लगाएर स्थानीय तहमा ठूलो आर्थिक दायित्व बढ्ने गरी मोटर साईकल, महँगा गाडी, मोबाईल खरीद गर्ने, अनावश्यक भ्रममा पारी दैनिक भ्रमण भत्ता वापत रकम लिने गरेको पाइएको छ ।

यस्तै कतिपय स्थानीय तहले कूल आन्तरिक आयको २५ प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्थाविपरित अन्धाधुन्ध खर्च गरेको पाइएको छ । जसको दबाब विकास निर्माणलाई आवश्यक पूँजीगत बजेटमाथी पर्ने गर्छ । स्थानीय तहमा यस्ता समस्याहरु प्रशस्त छन् । कतिपय स्थानीय तहले राम्रै पनि काम गरिरहेका छन् । राम्रो काम गर्दागर्दै पनि नराम्रो कामको चर्चा गर्नै पर्ने बाध्यता छ । किनकी राम्रो काम गर्नु सबै स्थानीय सरकारको दायित्व हो भने नराम्रो काम गर्ने छुट कुनै पनि स्थानीय सरकारलाई छैन ।

कुनै स्थानीय सरकारले संघीय व्यवस्थाको मर्म विपरित काम गरे त्यसले सिङ्गो व्यवस्थालाई नै पिरोल्छ । केही स्थानीय तहले नराम्रो काम गरेर केही फरक पर्दैन भनेर छोड्दै जाने हो भने गलत कामको सिको अन्य स्थानीय सरकारले पनि गर्दै जानेछ । अन्ततः त्यसले बलियो स्थानीय शासनको व्यवस्था गरेको संघीयतालाई धरापमा पार्छ । संघीयता असफल भएमा हाम्रो संविधानले परिकल्पना गरेको समाजवादमा पुग्न सकिन्न । त्यसैले अधिकारसम्पन्न संविधानलाई सिध्याउने गरी गलत काम गर्ने छुट स्थानीय सरकारलाई छैन । त्यसैले हरेक स्थानीय तहमा भिजिनरी नेतृत्व आवश्यक पर्छ ।

स्थानीय सरकारको नेतृत्वमा स्वच्छ बौद्धिकता र शासकीय सीपले पूर्ण भएको व्यक्तिहरु निर्वाचित हुनु पर्दछ । दोस्रो, स्थानीय तहको प्रशासनिक नेतृत्वलाई मानवीय मूल्य मान्यतामा आधारित, सुशासनयुक्त कार्यशैली अबलम्वन गर्न प्रेरित गर्नसक्ने कर्मचारी संयन्त्र चाहिन्छ । यसका लागी सबै प्रदेशमा प्रशिक्षण प्रतिष्ठान स्थापना गरेर क्षमता विकासका प्याकेजहरु अघि सार्नु पर्छ । तेस्रो, निर्वाचित जनप्रतिनिधिहरु विकास निर्माणको ठेक्का पट्टा जस्ता कार्यमा संलग्न हुन नपाउने कडा व्यवस्था गर्नु पर्दछ ।

मोटरबाटो सिँचाइ लगायतका ठूला विकासका आयोजना स्थानीय सरकारको सट्टा प्रदेश स्तरबाट एकिकृत सोच र दृष्टिकोणका साथ सञ्चालन गर्नु पर्दछ । चौथो, स्थानीय तहमा हुने आर्थिक कारोबारको लेखा व्यवस्थित ढंगले राख्न लेखाको ज्ञान भएको अनुभवी अधिकृतस्तरको कर्मचारी खटाउनु पर्दछ । लेखा अधिकृतले एकिकृत वित्तीय विवरणका आधारमा वित्तीय कारोबार सञ्चालन गर्नु पर्दछ । स्वतन्त्र र सक्षम ढंगले आन्तरिक लेखा परीक्षणको कामलाई नियमित र व्यवस्थित ढंगले सञ्चालन गर्नु पर्दछ ।

पाँचौं, हरेक विकास निर्माणका आयोजनाहररूको निर्माण सम्पन्न हुने बित्तिकै सार्वजनिक लेखापरीक्षण गरी सो को विवरण जनसमक्ष प्रकाशित गर्नु पर्दछ । छैठौं, स्थानीय तहबाट भएका सबै गतिविधिको कम्तिमा वर्षको २ पटक सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्नु पर्दछ । सातौं, विकास निर्माणका लागि स्वीकृत भएको बजेट कुनै हालतमा प्रशासनिक शिर्षकमा खर्च गर्नु नहुने भएमा, दण्डनीय हुने गरी नियम कानुनमा सुधार गर्नु पर्दछ ।

आठौं, विकास निर्माणका सामग्री र कार्यालयका लागि आवश्यक पर्ने समान खरीद गर्दा पारदर्शी एवं प्रतिस्पर्धाबाट मात्र खरीद गर्ने, निर्माण कम्पनी वा डिलरहरूबाट सोझै सरल मूल्यमा खरीद गर्ने व्यवस्था गर्नु पर्दछ । यसो हुँदा मात्र समान खरीदमा हुने नियमितता र कमीशनको लेनदेनलाई न्यून गर्न सकिन्छ ।

नवौं, स्थानीय तह र प्रदेश सरकारको कार्यालयका लागि आवश्यक पर्ने स्टेशनरी सामग्रीहरू केन्द स्तरमा नै छपाई गरी वितरण गर्ने व्यवस्था गरी तह तह र हरेक सामग्री खरीदमा हुने कमीशनको लेनदेन र अनियमिततालाई नियन्त्रण गर्ने व्यवस्था गर्नु पर्दछ । ***स्थानीय खबर अनलाइनबाट***

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)